

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रक्षित पार्टी प्यालेसको नजिक)
०६१-५७०४९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क १९५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ साउन १५ गते आइतबार ❑ 31 July 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-


## जनभावनाअनुरुप काम गनुपर्छ : उपसभापति खड्का

पोखरापत्र संवाददाता
पोखरा, १४ साउन

नेपाली कांग्रेसका उपसभापति पूर्णबहादुर खड्काले जनभावनाअनुरुप काम गर्न नेता तथा कार्यकर्तालाई आग्रह गर्नुभएको छ । नेपाली कांग्रेस कास्कीद्वारा स्थानीय तह निर्वाचन-२०७९ मा कांग्रेसका उम्मेदवारको सम्मानार्थ आज आयोजित कार्यक्रममा उहाँले जनतालाई केन्द्रमा राखेर काम गरेमा नेतृत्व विकाससँगै पार्टी सङ्गठनप्रतिको आकर्षण बढ्ने बताउनुभयो । नवनिर्वाचित जनप्रतिनिधिलाई इमान्दरिता र जिम्मेवारिताका साथ क्रियाशील बन्न उहाँले आग्रह गर्नुभयो ।

राष्ट्रिय आवश्यकताका आधारमा नेपालमा राजनीतिक दलहरू एकताबद्ध हुने गरेको बताउँदै उहाँले आगामी निर्वाचनसम्म नै गठबन्धन कायम रहने बताउनुभयो । कांग्रेस केन्द्रीय सदस्य गुरु बरालले कांग्रेसका तर्फबाट निर्वाचित जनप्रतिनिधिको जनता तथा समाजप्रतिको जिम्मेवारी अहम् हुने बताउँदै जिम्मेवारीलाई आत्मसात गर्दै अघि बढ्नुपर्ने बताउनुभयो ।

कांग्रेसका पूर्वमहामन्त्री तारानाथ रानाभाटले कांग्रेसी कार्यकर्ताप्रति समाज तथा राष्ट्रले ठूलो अपेक्षा एवं विश्वास गर्ने बताउँदै त्यही भावनाका साथ समाजका हरेक गतिविधिमा जुट्नुपर्ने आवश्यकता औँल्याउनुभयो । कांग्रेस कास्कीका सभापति किशोरदत्त बरालले पार्टीलाई आगामी निर्वाचनमा अझै बलियो बनाउँदै लैजान सबैको एकताबद्ध प्रयास आवश्यक हुने बताउनुभयो । कार्यक्रममा पार्टीका उपसभापति रामबाबु भण्डारी, सहसचिव नवीन सिग्देललगायतले आसन्न निर्वाचनमा कांग्रेसलाई अझै सशक्त बनाउने गरी लाग्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

## ६ मेयर पोखराको अन्नपूर्ण केबलकारमा

पोखरापत्र संवाददाता
पोखरा, १४ साउन



काठमाडौंका मेयर बालेन शाह सहित नेपालका ६ वटा महानगरका मेयरहरुले पोखराको अन्नपूर्ण केबलकारको अवलोकन गरेका छन् ।

पोखरा महानगरका मेयर धनराज आचार्यको नेतृत्वमा काठमाडौंका मेयर शाह सहित शनिबार ६ वटा महानगरका मेयर, उपमेयर तथा प्रमुख प्रशासकिय अधिकृतहरुले समेत उक्त केबलकार अवलोकन गरेको अन्नपूर्ण केबलकार प्रा.लि.ले जनाएको छ ।

उक्त केबलकारमा पोखराका मेयर आचार्य सहित काठमाण्डौंका मेयर बालेन शाह, बिराटनगरका मेयर नागेश कोइराला, भरतपुरका मेयर रेणु दाहाल, ललितपुरका मेयर चिरिबाबु महर्जन र वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंहले अवलोकन गरेका थिए । हालै निर्माण भएको अन्नपूर्ण केबलकार व्यवसायीक रुपमा गत फागुन ६ गते देखि संचालनमा आएको हो । मेयरहरुलाई तल्लो स्टेसन हुदै केबलकारबाट सयर गराउदै माथिल्लो स्टेसनसम्म पुराएको प्रा.लि.का जनरल म्यानेजर दिनेश पौडेलले बताए । माथिल्लो स्टेसनमा भने पोखरा महानगरपालिका वडा नम्बर १८ र स्थानियले मेयरहरुको टोलीलाई पन्चे बाजागाजा सहित फुलमालाले स्वागत गरेका थिए । आफ्नो क्षेत्रमा देशकै महानगरका प्रमुखहरुलाई पाउनुमा आफुहरु निकै खुसि हुदै उहाँहरुको लागि स्वागत सत्कार गरिएको पोखरा १८ का वडा अध्यक्ष शिव तिमिल्सिनाले बताए । पोखराको नयाँ पर्यटकीय गन्तव्य भएकोले मेयर सम्मेलनको अवसरमा देशकै ६ वटा मेयरहरुलाई आफ्नो ठाँउमा भ्रमण गराउदै केबलकारको थप प्रबर्द्धन हुने कम्पनीले विश्वास लिएको छ । देशका ६ वटा महानगरका मेयर तथा उपमेयर एवं प्रमुख प्रशासकिय अधिकृत मार्फत महानगरबासीहरुको लागि समेत उक्त केबलकार एक पटक चढ्न कम्पनीले आग्रह गरेको छ ।

## सङ्घीयताको विकल्प सोच्नु हुँदैन : उपाध्यक्ष शाक्य

पोखरापत्र संवाददाता
लमजुङ, १४ साउन




नेकपा (एमाले)का केन्द्रीय उपाध्यक्ष अष्टलक्ष्मी शाक्यले सङ्घीय लोकतन्त्रिक, गणतन्त्र नेपाल भनेर संविधानमै लेखिसकेको र अहिलेको आवश्यकता नै सङ्घीयता भएकाले विकल्प सोच्न नहुने बताउनुभएको छ ।

एमाले जिल्ला शाखा लमजुङद्वारा शनिबार बेँसीसहरमा आयोजित प्रशिक्षणमा उहाँले भन्नुभयो, "अहिले आएर यदाकदा सङ्घीयता चाहिँदैन भनेर सङ्घीयता कमजोर बनाउन धेरै खर्च भयो, अप्ठ्यारो भयो भन्दै अनेकौं टिकाटिप्पणी उठाउँदै सङ्घीयता विरोधी सक्रिया हुन थालेका छन् । काम गर्ने ढङ्ग, शैली, पारदर्शिता भएको भए त सङ्घीयता नराम्रो लाग्दैन थियो होला नि ।" देशको विकासका लागि सङ्घीयता नै अहिलेको आवश्यकता रहेको उहाँको भनाइ छ । त्यस्तै एमाले उपमहाचिव पृथ्वीसुब्बा गुरुङले आगामी निर्वाचनमा एमालेले ५१ प्रतिशत सिट जित हासिल गर्न सकेमा एमालेले देखेको समृद्ध नेपाल, सुखी नेपालीको सपना पूरा हुने बताउनुभयो । आगामी निर्वाचनमा एमालेको बहुमत ल्याउनका लागि सबै कार्यकर्ता नेता एकजुट भएर लाग्नलाई उहाँले आग्रह गर्नुभयो । त्यस्तै स्थानीय निर्वाचनमा आफ्नै पार्टीमाथि डोजर चलाउनेहरुलाई कडा कारबाही गर्ने एमाले उपमहासचिव गुरुङले भन्नुभयो । कार्यक्रममा एमाले केन्द्रीय सदस्य मायानाथ अधिकारी, टुकाभद्र हमाल, केन्द्रीय कार्यालय सचिव भीष्मनाथ अधिकारी, गण्डकी प्रदेश कमिटी सचिव धनञ्जय दवाडी, प्रदेश सदस्य मोहनहरि पौडेललगायतले प्रशिक्षण दिनुभएको थियो ।

## सवारी साधनबाट ७१ लाख ४२ हजार राजस्व सङ्कलन

पोखरापत्र संवाददाता
वालिङ, १४ साउन

जिल्ला ट्राफिक प्रहरी कार्यालय स्याङ्जाले सवारी कारबाहीबाट रु ७१ लाख ४२ हजार पाँच सय राजस्व सङ्कलन गरेको छ । कार्यालयले आव २०७८/७९ मा नौ हजार नौ सय १६ सवारी साधनलाई कारबाही गरी उक्त राजस्व सङ्कलन गरेको हो ।

सिट क्षमताभन्दा बढी यात्रु चढाउने, चालक अनुमतिपत्र विना सवारी चलाउने, तीव्र गतिमा चलाउने, अनावश्यक हर्नको प्रयोग गर्ने, सवारीको स्वरुप परिवर्तन गर्ने, अनावश्यक स्टिकर टाँस्ने, अस्पष्ट नम्बर प्लेट भएका सवारी साधनलाई कारबाही गरिएको जिल्ला ट्राफिक कार्यालयका प्रमुख मीनबहादुर कुँवरले जानकारी दिनुभयो ।

गत आवको असारमा मात्रै कार्यालयले सबैभन्दा धेरै एक हजार छ सय १३ विभिन्न सवारी साधनलाई कारबाही गर्दा रु ११ लाख ३७ हजार पाँच सय राजस्व सङ्कलन गरेको थियो । कार्यालय प्रमुख कुँवरका अनुसार गत आव २०७८/७९ को साउनमा चार सय ७६, भदौमा पाँच सय ४४, असोजमा छ सय ८०, कात्तिकमा आठ सय १४, मङ्सिरमा छ सय ३९, पुसमा सात सय, माघमा सात सय ५०, फागुनमा आठ सय, चैतमा आठ सय ५०, वैशाखमा नौ सय ५०, जेठमा एकहजार एक सय र असारमा एक हजार छ सय १३ सवारी साधन कारबाहीमा परेका थिए । गत आवको


बाँकी अन्तिम पृष्ठमा ▶▶


## चुनावअघि कुनै पनि दलसँग पार्टी एकता हुँदैन : अध्यक्ष नेपाल

रासस
काठमाडौं, १४ साउन

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का केन्द्रीय अध्यक्ष तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले चुनावअघि कुनै पनि दलसँग पार्टी एकता नहुने बताउनुभएको छ । नेकपा (एकीकृत समाजवादी) जिल्ला कमिटी डोटीले आयोजना गरेको अगुवा कार्यकर्ता भेलालाई सम्बोधन गर्नुहुँदै अध्यक्ष नेपालले चुनावअघि पार्टी एकता सम्भव नभएको तर चुनावी मोर्चा बन्न सक्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "चुनावअघि कसैसँग पार्टी एकता हुँदैन, बरु चुनावी मोर्चा बन्न सक्छ ।" सोही भेलालाई सम्बोधन गर्नुहुँदै अध्यक्ष नेपालले सबैलाई सम्मान हुने तरिकाले निर्वाचनमा सहभागी भए वर्तमान गठबन्धन पछि सम्म पनि कायम रहने जानकारी दिनुभयो ।

पाँचदलीय गठबन्धन भए पनि सबै नेता, कार्यकर्ताले आगामी निर्वाचनमा एकीकृत समाजवादी पार्टीले सबैभन्दा बढी सिट ल्याउनका लागि कम्मर कस्नुपर्ने अध्यक्ष नेपालले बताउनुभयो । उहाँले थप भन्नुभयो, "गठबन्धन छ भनेर मख्ख हुने बेला छैन, आफूलाई कसरी बढी सिट आउँछ र जनताको मन कसरी जित्न सकिन्छ त्यो विषयमा बढी ध्यान दिनुहोला ।" अध्यक्ष नेपालले स्थानीय तहको निर्वाचनमा गठबन्धनका दलहरूबीचमा खासै इमान्दारिता नदेखिएकाले अबको निर्वाचनमा सबैले इमान्दारिता देखाउनुपर्ने बताउनुभयो ।

## भद्रकाली मन्दिरमा वडा १२ र १३ का नवनिर्वाचित जनप्रतिनिधिलाई स्वागत

पोखरापत्र संवाददाता
पोखरा, १४ साउन



विहान छ बज्यो । अब त उठ्नु भयो होला भनेर मोवाइलमा नम्बर डायल गऱ्यो । फोन त तीन घण्टीमा उठ्थ्यो । तर सधै एउटै उत्तर आउँछ म त भद्रकाली मन्दिरमा । जापानमा सात वर्ष बसाइ पछि स्वदेश फर्केका हुन योगेन्द्रमान श्रेष्ठ । जापानको सिस्टम सिकेर आएका श्रेष्ठले हरेकको फोनलाइ इज्जत गर्दै आदार गर्ने उनको सवै भन्दा महत्वपुर्ण गुण बन्यो । विस २०५२ साल जेठमा स्वदेश फर्केका श्रेष्ठ पोखरा वडा नं १३ निवासी हुन् । उनै श्रेष्ठ २०५२ भदौ २४ गते श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समितिको पहिलो अधिवेशनवाट कार्यसमितिमा प्रवेश गरेका थिए । प्रवेश गरेपछि २५ वर्ष लगातार सचिवको भूमिका निभाएका श्रेष्ठ हालैको अधिवेसनले अध्यक्षको बागडोर समालेपछि मन्दिरलाइ अझ व्यवस्थित र आर्कषण गर्ने अभियानमा होमिएका छन् ।

पोखरा महानगरपालिकाका नव निर्वाचित वडा १२ र १३ का अध्यक्ष द्धय सन्तोष वाँस्तोला र किरण वरालालाइ शनिवार स्वागत गर्दै भद्रकाली मन्दिरको इतिहास देखी वर्तमान अवस्थावारे जानकारी गराए अध्यक्ष श्रेष्ठले । कार्यक्रममा वडा नं १३ का वडा सदस्य सुचिता तामाङ, वडा नं १२ का वडा सदस्यहरु क्रमश शान्ति कोइराला, गोमादेवी परियार, गोविन्दप्रसाद सिग्देल र शान्तवहादुर थापालाइ पनि स्वागत तथा सम्मान गरियो । वडा १२ का अध्यक्ष वाँस्तोलाले मन्दिरको लागि दुवै वडा मिलेर सहयोग गर्न तयार रहेको भने । मन्दिर उक्लन शुरु गरेदेखि मन्दिर सम्म आइपुग्दाको वातवरणले मलाइ मन्दिर अध्यक्षको कार्य सफल हुँदै जाने महसुस भइसकेको अध्यक्ष वाँस्तोलाले आत्मैदेखी प्रशंसा गरे । वडा न १३ अध्यक्ष वरालले पाँच वर्षको कार्यकाल भित्र मन्दिरलाइ ७७ जिल्ला भरी परिचित गराउने वातवरण बनाउने भने । आज काली माताको आँगनमा दिनुभएको स्वागत तथा सम्मानलाइ हामी दुइ वडाका दाजुभाइले हजुरको भावनालाइ बुझेर अगाडि बढ्ने अध्यक्ष वरालले वचन वद्धता दिए । पोखरापत्र दैनिकका कार्यकारी सम्पादक शोभाकान्त सिग्देलले दुइ वडामा शिक्षा, प्रकृति सम्पादा र स्वास्थ्यमा जनतालाइ परिवर्तनको महसुस गराएमा कार्यकाल सफल हुने भने । जनतामुखी कार्य समान गरेमा दुई अध्यक्षको पछाडि लाखौ जनताका साथ रहने सिग्देलले वताए । श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समिति १२/१३ का अध्यक्ष योगेन्द्रमान श्रेष्ठको अध्यक्षतमा भएको कार्यक्रममा पुर्व अध्यक्ष कुशराज आचार्यले शुभकामना दिए भने उपाध्यक्ष गमवहादुर गुरुङले धन्यवाद र सचिव शान्तकुमार श्रेष्ठले संचालन गरेका थिए ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# २० औं संस्करणको आहा रारा गोल्ड कपबाट सहारा क्लवलाई घाटा

पोखरापत्र संवाददाता
पोखरा, १४ साउन

२० औं संस्करणको राष्ट्रिय तथा अन्तराष्ट्रिय अन्तर क्लब स्तरिय आमन्त्रित आहा ! रारा गोल्ड कप फुटबल प्रतियोगिताबाट आयोजक सहारा क्लवले घाटा व्यहोर्नु परेको छ।

गण्डकी प्रदेशको प्रतिष्ठित उक्त प्रतियोगिता कोरोना शंक्रमण दर बढेका वेला गत बर्ष माघ ६ देखि १५ गतेसम्म विना दर्शक आयोजना गर्दा घाटा व्यहोर्नु परेको प्रतियोगिताका अर्थ संकलन उपसमिति संयोजक सुनिल गुरुङले बताए। उक्त प्रतियोगिताबाट हालसम्मकै ठुलो रकम १२ लाख ६२ हजार बराबरको आर्थिक घाटा व्यहोर्नु परेको क्लवले शनिबार पोखरामा आयोजना गरेको आय व्यय सार्वजनिक कार्यक्रममा उनले जनाए । उक्त घाटा पुर्ति गर्न क्लवले विदेशमा रहेका क्लवका शाखा संस्थाबाट ९ लाख रुपैया पुर्ति गर्न सफल भएको क्लवका अध्यक्ष हरिराम गुरुङ (सुरज) ले बताए। यस बर्ष उक्त प्रतियोगितालाई निरन्तरता दिन मात्र भए पनि दर्शक विना खेल संचालन गर्दा केही प्रायोजकहरुले समेत अन्तिम समयमा आयर साथ दिन नसक्दा प्रतियोगिताबाट घाटा व्यहोर्नु परेको उनले जनाए।

उक्त घाटा बजेट व्यवस्थापन गर्न क्लवलाई क्लवका शाखा संस्थाहरु मध्य सहारा क्लव हङकङबाट ५ लाख १ हजार, सहारा यू.के.बाट ३ लाख र सहारा क्लव अष्ट्रेलियाबाट




१ लाख रुपैया सहयोग प्राप्त भएको अध्यक्ष गुरुङ ले बताए। क्लवले अझै ३ लाख ४७ हजार ८ सय १८ रुपैया घाटा व्यहोर्नु परेको छ । उक्त प्रतियेगिताबाट ६६ लाख ४१ हजार १ सय ८१ रुपैया आम्दानी भएको थियो भने ६९ लाख ८९ हजार प्रतियोगिता सम्पन्न गर्न खर्च भएको क्लवले जनाएको छ। यस अघि २०७७ मा उक्त प्रतियोगिताबाट १३ लाख ५० हजार बचत भएको थियो । यसपाली विना दर्शक फुटवल प्रतियोगिता सुरु गरे पनि सेमिफाइनल र फाइनल खेलमा ५० प्रतिशत सिट क्षमताको आधामा प्रबेश टिकट बिक्रि गर्दा ७ लाख ८६ हजार रुपैया संकलन गरेको थियो। क्लवले हरेक बर्ष जसो बार्षिक रुपमा आहा रारा गोल्ड कपबाट बचत भएको रकम सहारा एकेडेमीमा खर्चिंदै आएको बरिष्ठ उपाध्यक्ष एवं प्रतियोगिताका संयोजक केशवराज बरालले बताए।

उक्त प्रतियोगिता सम्पन्न गर्न खेलाडी दैनिक भ्रमण खर्च २७ लाख ४८ हजार १ सय ५०, प्रोत्साहन खर्च १७ लाख ९३ हजार ९ सय ५० रुपैया खर्च भएको क्लवले सार्वजनिक गरेको आय व्यय उल्लेख भएको छ । त्यसै गरी आयोजक खर्च तर्फ ७ लाख ७१ हजार ६ सय ३२, प्रचार प्रसार खर्च १ लाख १३ हजार ४ सय ७०, उक्त फुटवल स्टेडिएम प्रयोग गरे वापत जिल्ला खेलकुद विकास समिति १ लाख २५ हजार, रेफ्रि खर्च ४ लाख २६ हजार ८ सय ८५, आयोजक टिम तयारी खर्चमा २ लाख १ हजार, स्थानिय यातायात खर्चमा १ लाख ४६ हजार, ग्राउण्ड व्यबस्थापनमा २ लाख ३० हजार खर्च भएको छ। प्रतियोगितालाइ सफल पार्न मुख्य प्रायोजन हिमश्री फुड्सको उत्पादन आहा रारा तयारी चाउचाउबाट १३ लाख ५१ हजार, सहारा क्लव हङकङबाट ५ लाख १ हजार, गण्डकी प्रदेश खेलकुद परिषदबाट ५ लाख, ग्यालेक्सि फोके टिभिबाट ५ लाख, राखेपबाट ४ लाख ९२ हजार ५ सय, सहारा क्लव युकेबाट ३ लाख, पोखरा महानगरपालिका खेलकुद शिक्षा महाशाखाबाट २ लाख लगायतबाट सहयोग प्राप्त भएको अर्थ संयोजक गुरुङले जनाए। पोखरा रंगशालामा संचालन भएको उक्त प्रतियोगिताबाट शसस्त्र प्रहरी बलको एपिएफले उपाधि सहित १० लाख रुपैया हात पार्न सफल भएको थियो । "आत्मा साँक्षी राखि मन, वचन र कर्मले समाजिक सेवा गरौं" भन्ने उद्येश्यका साथ वि. स. २०५५ सालमा पोखराको पुरानो बसपार्कमा स्थापित यस सहारा क्लब पोखराले आयोजन गर्ने प्रतियोगिताबाट बचत रकम सहारा एकेडेमीमा खर्च गर्दै आएको क्लवले जनाएको छ। उक्त एकेडेमीमा हाल १५ जना वालकहरु रहेको महासचिव रामजीप्रसाद अधिकारीले बताए। प्रतियोगितालाई पहिलो संस्करण देखी नै मुख्य प्रायोजकको रुपमा बहुचर्चित मोफसलको व्यापारिक प्रतिष्ठान हिमश्री फुड्स प्रा. लि. को उत्पादन आहा तथा रारा तयारी चाउचाउले सहयोग गर्दै आएको छ। आगामी बर्षबाट समेत उक्त प्रतियोगितालाई निरन्तर रुपमा सहयोग गर्दै साथ दिने भएको हिमश्री फुड्स प्रा.लि.का निर्देशक प्रकाश केसीले बताए। गत बर्ष देखि उद्योगपति सुर्य बहादुर के.सी.को स्मृतिमा सहारा एकेडेमीमा बार्षिक रुपमा १५ लाख रुपैया सहयोग गर्दै आएको उनले बताए।

# कालिकामा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ चयन

पोखरापत्र संवाददाता
पोखरा, १४ साउन

पोखराको प्रवेशद्वार पोखरा-३२ मजुवास्थित कालिका आधार भुत विद्यालयमा विद्यालय व्यवस्थापन समितिका सदस्य एवम् शिक्षक अभिभावक संघका पदाधिकारी चयन गरिएको छ।

विद्यालयमा आज आयोजित अभिभावक भेलाले विद्यालय व्यवस्थापन समितिका सदस्यमा शान्ता विक, अप्सरा थापा र गीतामाया नेपालीलाई चयन गरिएको छ। त्यस्तै शिक्षक अभिभावक समितिको अध्यक्षमा मोहनकुमार प्रधान एवम् सदस्यहरूमा बीरबहादुर लामा, सोजना थापा, शोभा गुरुङ, मञ्जु विक, गोमा थापा र सावित्री नेपालीलाई चयन गरिएको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ओमबहादुर



गुरुङको अध्यक्षतामा सम्पन्न भेलामा पोखरा महानगरपालिका शिक्षा महाशाखाका अधिकृत विश्वराज आचार्य, विद्यालय व्यवस्थापन समितिका संस्थापक अध्यक्ष दलबहादुर गुरुङ, पूर्व प्रधानाध्यापक विष्णुबहादुर बस्नेत, प्रधानाध्यापक दोर्णराज सुवेदी, शिक्षिका बसन्ती सुनार, सूर्यबहादुर गुरुङ लगायतले बोल्नुभएको थियो । हेल्मेट टापुका रुपमा परिचित प्रगतिशिल सामुदायिक बनको काखमा वि.सं.२०४६ मा स्थापित यस विद्यालयले यस क्षेत्रको शैक्षिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको छ । विद्यालयमा बालविकास(इसिडी)देखि कक्षा ८ सम्म अंग्रेजी माध्यममा पठनपाठन हुँदै आएको छ।

# महिला क्लब पोखराको सातौं साधारण सभा तथा तेस्रो अधिवेशन सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १४ साउन

महिला क्लब पोखराको सातौं साधारण सभा तथा तेस्रो अधिवेशन सम्पन्न भएको छ । अधिवेशनले पुनः मिना आचार्यको अध्यक्षतामा ११ सदसिय नयाँ समिति चयन गरेको छ।

जसमा प्रथम उपाध्यक्षमा कमला खनाल, द्वितिय उपाध्यक्षमा सुनिता बराल, सचिवमा सृजना सापकोटा, सहसचिवमा निर्मला बराल , कोषाध्यक्षमा लिला बराल , सदस्यहरुमा ईश्वरी बास्तोला, अम्बिका पौडेल,इन्दिरा सापकोटा , सावित्री लामिछाने र एलिना बराल छन् । कार्यक्रमका प्रमुख अतिथि पोखरा महानगर पालिकाका वडा नं. ७ का वडा अध्यक्ष राम मोहन आचार्यले वडा नं. ७ मा रहेका सर्म्पुण सामाजिक संस्थालाई सकृय बन्न आग्रह गरे । उनले महिला क्लबले स्थापना काल देखि नै सामाजिक कार्य मार्फत आफुलाई समाजमा स्थापित



संस्थाको रुपमा परिचित गराउन सफल भएको बताउदै नयाँ कार्यसमितिले सामाजिक कार्यलाई थप फराकिलो बनाउदै महानगर भित्रकै उत्कृष्ट संस्था होस भन्ने शुभकामना दिए । कार्यक्रममा पोखरा ७ का वडा सदस्य अर्जुन थापा , सुनिता सुनार, महिला क्लब पोखराका सल्लाहाकार सविता बराल, श्री कृष्ण मा.वि. व्यवस्थापन समितिका अध्यक्ष पुरुषोत्तम रेग्मी, नेपाली काग्रेस पोखरा ७ इकाइ सभापति नविन बराल, महिला विकासका लागि आमा समुहका अध्यक्ष मनमाया बराल लगायतले शुभकामना व्यक्त गरे।

कार्यक्रममा संस्थाका सस्थापक अध्यक्ष विष्णुमाया बराल, संस्थापक सदस्य भवानी बराल , महिला क्लबलाई आर्थिक सहयोग गरे वापत सावित्री आचार्य र महिला सशक्तिकरण अभियानका प्रेरणाका स्रोत जेष्ठ नागरिक आमा कमला बराललाई सम्मान गरियो।

कार्यक्रमकै विच संस्थाका सल्लाहकार सविता बरालले आफ्नी फुपु सासु पद्मकला सापकोटाको स्मृतिमा शैक्षिक अक्षयकोष वापत २५ हजार ५ सय पाँच रुपिया सहयोग गरिन्। मिना आचार्यको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा स्वागत कमला खनाल र संचालन सुनिता बरालले गरेकी थिइन । कार्यक्रम पोखरा ७ मासबार स्थित डिज्नील्याण्ड एकेडेमीको सभाहलमा भएको थियो।

# सवारी...

साउनमा कारबाहीमा परेका सवारी साधनबाट कार्यालयले रु तीन लाख ३७ हजार पाँच सय, भदौमा रु तीन लाख ९५ हजार पाँच सय, असोजमा रु चार लाख ८४ हजार पाँच सय, कात्तिकमा रु छ लाख ६५ हजार, मङ्सिरमा रु चार लाख ८५ हजार पाँच सय, पुसमा रु चार लाख ८५ हजार, माघमा रु पाँच लाख ३१ हजार, फागुनमा रु पाँच लाख ७१ हजार, चैतमा रु छ लाख १४ हजार, वैशाखमा रु छ लाख ६४ हजार पाँच सय, जेठमा रु सात लाख ७१ हजार पाँच सय र असारमा रु ११ लाख ३७ हजार पाँच सय गरी कूल रु ७१ लाख ४२ हजार पाँच सय राजस्व सङ्कलन भएको हो।

तुः आवश्यकता

निम्न अनुसारको कर्मचारी आवश्यकता परेको हुँदा योग्य एवं दक्ष व्यक्तिले तुरुन्त सम्पर्क राख्नुहोला ।
पदः लेखापाल (Accountant) १ जना
नोटः कम्प्युटरमा दक्ष साथै, tally चलाउन जानेको, १०+२ पास हुनुपर्नेछ ।
पदः सेल्स मेन (Sales Man) २ जना
१०+२ पास गरेको
पदः बजार प्रतिनिधि (Market Representative) १ जना
पदः कार्यालय सहयोगी (Office Helper) १ जना
सम्पर्कः
पैयू पर्वत सुन चाँदी दुकान
महेन्द्रपुल, पोखरा-४ (बुद्ध बिशाल बजार मेन गेटसँगै)
फोनः ०६१-५५३४९०, ९८५६०३२५६६

बाढी /पहिरोबाट सतर्क रहौं ।
◆ गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
◆ घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
◆ नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
◆ भूकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
◆ भौगोलिक अवस्था विचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं।
भु- क्षयबाट बचौं र बचाऔं।
नेपाल सरकार
विज्ञापन बोर्ड

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्बन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# समाज बनाउनका लागि साझा सत्कल्पको आवश्यकता : बानियाँ

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ साउन**

गलेश्वर मगर समाज पोखराले नव निर्वाचित जनप्रतिनिधिलाई बधाई तथा सम्मान कार्यक्रमको आयोजना गरेको छ । समाजले शनिवार पोखरा महानगरपालिका वडा नं -१५ का नवनिर्वाचित जनप्रतिनिधिहरूलाई बधाई तथा सम्मान कार्यक्रमको आयोजना गरेको हो ।

शुभकामना मन्तव्य राख्दै समाजका निवर्तमान अध्यक्ष दिल बहादुर थापाले उपस्थित सबैलाई स्वागत गरे । उनले मानिस सामाजिक प्राणी भएको कारण विभिन्न परिस्थिति आइपर्न सक्ने भन्दै एकताबद्ध भएर लाग्नुपर्ने बताए। एकता भए कठिन काम गर्न सरल र सफल हुने भन्दै आफ्नो संस्कृति, भेसभुसा र रीतिरिवाजलाई जोगाउनु पर्ने उनको धारणा थियो ।

यस्तै समाजका अध्यक्ष हिमाल आलेले ढिलै भए पनि जनप्रतिनिधिहरूलाई सम्मान गर्न पाउँदा खुसी लागेको बताए। समाजलाई पहिलो आवश्यकता समाज घरको रहेको भन्दै त्यसको समाधानका लागि थोरै बजेटमा वडा भित्र मिल्ने स्थानमा जग्गा उपलब्धका लागि पहलका



गरिदिन उनले जनप्रतिनिधिहरूलाई आग्रह गरे। साथै, वडाबाट सिप विकासका लागि आउने तालिममा आफ्नो समाजलाई पनि सहभागी गराउन उनले आग्रह गरे । पोखरा -१५ का वडा सदस्य तथा गलेश्वर युवा क्लबका अध्यक्ष आशिष भण्डारीले गलेश्वर चोक क्षेत्रमा विभिन्न जातजाति र भाषाभाषिका मानिस मिलेर बसेको बताए। उनले हिजोका दिनमा पिछडिएको ठाउँ भनेर चिनिने गलेश्वर क्षेत्रमा आज पोखरा महानगरको ३३ वटा वडा मध्यकै नमुना पार्कको रूपमा स्थापना भएको बताउँदै यो पार्क नै आज गलेश्वरवासीको चिनारी भएको बताए। आगामी दिनमा वडाले ल्याएको विभिन्न कार्यक्रममा समाजलाई सहभागी गराउँदै यस समाजको लागि आवश्यकता परेको खण्डमा सहयोग गर्ने उनले वचन दिए ।

यस्तै, कार्यक्रममा बोल्दै कार्यपालिका सदस्य मन्दिरा परियारले महिलाको आवाज सुन्नको लागि नै आफूहरू वडामा रहेको बताइन्। उनले महिला दिदीबहिनीका समस्या वडा कार्यालयमा लिएर आउन आग्रह गर्दै वडाले दिएको तालिमलाई उपयोग गर्दै त्यसको प्रतिफल लिन समाजका महिला दिदीबहिनीहरूलाई आग्रह गरिन् ।

कार्यक्रमका प्रमुख अतिथि वडा नं -१५ का वडाध्यक्ष तोरण बहादुर बानियाँले स्थानीय तहको निर्वाचनमा अमूल्य मतले विजयी बनाउँदै १५ नं वडाको नेतृत्व तहमा पुऱ्याएको भन्दै कृतज्ञता व्यक्त गरे। उनले विकास र परिवर्तनका लागि वडा नं -१५ लाई हाम्रो वडा, राम्रो वडा, समुन्नत नागरिकहरू बस्ने वडा र सबैले अपनत्व गर्न सक्ने वडा बनाउने अभियानमा रहेको भन्दै यस अभियानलाई सफल बनाउन, योजनाहरूलाई सफल बनाउन आफूहरू ५ जना मात्रै लागेर नहुने भन्दै सबैको साथ समर्थन र सहयोगको आवश्यकता रहने बताए। उनले हाम्रा रीतिरिवाज र परम्परालाई भुल्न नहुने र त्यसलाई पनि सँगसँगै लैजानु पर्ने भन्दै समाज परिवर्तन र देशको विकासका लागि सबै जातजाति, भाषी र धर्म मान्ने मानिस एकै ठाउँमा आउनुपर्ने बताए। साँच्चिकै समाज बनाउनका लागि साझा सङ्कल्प बोकेर अगाडी बढ्नु पर्नेमा उनको जोड थियो । कार्यक्रमको समापन गर्दै सभापति तथा गलेश्वर मगर समाजका संस्थापक अध्यक्ष सोभिताबहादुर सारूले जनप्रतिनिधिहरूलाई सफल कार्यकालको शुभकामना दिए। गलेश्वर समाज भर्खर-भर्खर मात्र स्थापना भएको कारण हाल आर्थिक तथा भौतिक समस्यामा रहेको उनले गुनासो सुनाए । कार्यक्रमको सञ्चालन समाजका सचिव मिरा बुढाले गरेकी थिइन्। भने, मगर समाजको स्थापनाका लागि योगदान दिएका समाजका विभिन्न सदस्यहरूलाई सम्मान गर्नुका साथै छोटो सांस्कृतिक कार्यक्रम राखिएको थियो ।

# पिसिएममा शिक्षक कर्मचारी फुटसल प्रतियोगिता

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ साउन**

पोखरा कलेज अफ म्यानेजमेन्टमा कार्यरत शिक्षक तथा कर्मचारीहरुबीच फुटसल प्रतियोगिता पोखरा फुटसल अरिना, गैरापाटनमा सम्पन्न भएको छ ।

प्रतियोगितामा प्रथम, दृतिय र तृतिय स्थान हाँसिल गर्ने टिमहरुलाई कलेजको प्राचार्य लिना नेगी श्रेष्ठ र निर्देशक प्राञ्जल कायस्थले मेडल र पुरस्कार प्रदान गर्नुभएको थियो । प्रतियोगितामा सर्वोत्कृष्ट खेलाडीको उपाधी राजकिरण छत्कुली, सर्वाधिक गोलकर्ताको उपाधी निकेश कर्माचार्य र सर्वात्कृष्ट गोलरक्षकको



उपाधी सरोज कुँबरले प्राप्त गर्नुभएको थियो । कार्यक्रमको पुरस्कार वितरण समारोहमा बोल्दै प्राचार्य श्रेष्ठले कलेजले यस्ता कार्यक्रमहरु विगतमा पनि गर्दै आएको र भविष्यमा पनि आयोजना गर्ने बताउनुभयो । त्यसै गरी विजयी टिमका कप्तान प्रतिक राईले प्रतियोगिताले शिक्षक कर्मचारीहरुबीचको सम्बन्ध प्रगाढ बनाएको विचार व्यक्त गर्नुभयो ।

# नार्पाभूमिमा बुद्धको त्रिमूर्ति निर्माण गरिदै

**पोखरापत्र संवाददाता**
**मनाङ, १४ साउन**

नार्पाभूमि गाउँपालिकामा बुद्धको त्रिमूर्ति निर्माण गरिने भएको छ ।

गाउँपालिकाले गुरुङ जातिको संस्कृति संरक्षण गर्ने उद्देश्यले बुद्धको त्रिमूर्ति निर्माण गर्न लागेको हो ।

नार्पाभूमिको मेता, च्याखु र नारगाउँमा बुद्धको त्रिमूर्ति निर्माण गर्न लागिएको गाउँपालिकाका अध्यक्ष कोञ्जो तेञ्जिङ लामाले जानकारी दिनुभयो । उहाँका अनुसार तीन स्थानमा गुरु रिम्बोछे, छेरेसिक, तुम्बा बुद्ध गरी त्रिमूर्ति निर्माण गरिनेछ। मनाङमा विशेष गरी गुरुङ जाति तथा बौद्ध धर्मावलम्बीको बसोबास रहेकाले धर्म र संस्कृतिको संरक्षणमा गाउँपालिकाले योजनाअनुरुप त्रिमूर्ति निर्माण गर्न लागेको उहाँले बताउनुभयो । तीन स्थानमा त्रिमूर्ति निर्माणका लागि गाउँपालिकाले रु २० लाखका दरले बजेट विनियोजन गरेको उहाँको भनाइ थियो ।

बौद्ध धर्मावलम्बीको संस्कार र संस्कृति संरक्षणका लागि गुरुरिम्बोछे, छेरेसिक, तुम्बा बुद्धको मूर्ति निर्माणका लागि माग भएअनुरुप नै प्राथमिकतामा राखेर बजेटको व्यवस्थापन गरिएको बताइएको छ ।

उनीहरूको धार्मिक कार्यका लागि टाढाका बौद्ध गुम्बासम्म पुग्नुपर्ने भएकाले त्यसलाई सहज बनाइनाका साथै संरक्षण गर्न पनि प्रोत्साहन मिल्नेछ । उनीहरूले इच्छाएको स्थानमा गुरुरिम्बोछे, छेरेसिक, तुम्बा बुद्धको मूर्ति बन्ने भएपछि उक्त क्षेत्रका स्थानीयवासी हर्षित भएका छन् । मूर्ति निर्माणले संस्कृति संरक्षणमा चासो दिएको भन्दै स्थानीयवासीले स्थानीय सरकार घरघरमा आइपुगेको महसुस भएको बताए ।

# निर्माण हुँदै नमूना पशु अस्पताल

**पोखरापत्र संवाददाता**
**तनहुँ, १४ साउन**

नमूना पशु अस्पताल तीव्ररूपमा निर्माण भइरहेको छ । भेटेरेनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र तनहुँ परिसरमा निर्माणाधिन सो अस्पताल सञ्चालनमा आएपछि चार जिल्लाका पशुपालन किसान प्रत्यक्ष लाभान्वित हुने भएका छन् ।

डेढ वर्षभित्र सम्पन्न गर्ने गरी सो अस्पताल इको बिल्डर्स प्रालि चितवनले निर्माणको जिम्मा पाएको छ । गण्डकी प्रदेश सरकारको रु चार करोड ९० लाख लागतमा भ्याटबाहेक उक्त निर्माण कम्पनीले ठेक्का लिएको हो । आगामी पुसभित्र सम्पन्न गर्ने गरी थालिएको उक्त भवनको करिब ४० प्रतिशत काम पूरा भएको सहरी विकास तथा भवन निर्माण सङ्घीय तथा कार्यन्वयन एकाइ कास्कीका साइड इञ्जीनियर शिव सुनारले जानकारी दिनुभयो । साढे दुई तलाको ढलान निर्माण गरिने उक्त भवनको हालसम्म दोस्रो तलाको ढलान सम्पन्न गरिएको छ । करिब छ सय पाँच स्क्वायर मिटर क्षेत्रफलमा दुई ब्लकमा विभाजन गरी भवन निर्माण भइरहेको छ । बीचमा केही समय सामान अभावका कारण निर्माण रोकिए पनि अहिले रफ्तारमा काम भइरहेको इञ्जीनियर सुनारले बताउनुभयो । हाल भवन निर्माणमा दैनिक १५ जना जनशक्ति परिचालन गरिएको छ । भवनको भुइँ तलामा पशुपक्षीका एक्सरे, भिडियो एक्सरे, ल्याब, शव परीक्षणलगायत सेवाकक्ष र प्रविधिक जनशक्ति रहनेछन् भने पहिलो र दोस्रो तलामा प्रशासनिक कार्यालय, प्रयोगशाला, बैठक हल, तालिम हल रहने छ ।

पशुसेवा विज्ञ केन्द्र तनहुँका प्रमुख एवं वरिष्ठ पशु विकास अधिकृत डा बालकुमार श्रेष्ठले नमूना पशु अस्पतालमा पशुपक्षीको रोग निदान, नियन्त्रण र उपचारका लागि सहज हुने बताउनुभयो । इक्युपमेन्ट, औजार अभावमा पशुपक्षीको हचुवाका भरमा उपचार गर्नुपर्ने अवस्थाको अन्त्य हुने उहाँले बताउनुभयो । नमूना पशु अस्पताल तनहुँका लागि मात्रै नभई आसपासका गोरखा, लमजुङ र नवलपरासीका किसानका लागि प्रत्यक्ष फाइदा पुग्ने उहाँले जानकारी दिनुभयो । बहुवर्षीय योजनाअन्तर्गत अस्पतालको भौतिक संरचना विस्तार गर्दै लैजाने योजना रहेको छ । नेपालको ७७ जिल्लामध्ये पहिलो चरणमा कास्की र तनहुँमा पशु अस्पताल निर्माणका लागि प्राथामिकतामा परेका हुन् । पशुधनलाई क्षति हुनबाट जोगाउन पशु स्वास्थ्य कार्यक्रमलाई केन्द्रविन्दुमा राखिएको डा श्रेष्ठले बताउनुभयो ।

पशुमा लाग्ने महामारीजन्य रोग पहिचान तथा न्यूनीकरण गर्न सकिए कम्तीमा २० प्रतिशतले उत्पादन वृद्धि गर्न सकिनेछ । "नदेखिने जुका, माटेजस्ता रोगले दूध तथा मासु उत्पादन घटाइरहेका हुन्छन्, हामीलाई थाहा हुँदैन", उहाँले भन्नुभयो, "रोग पहिचान गरी समयमा औषधोपचार गर्न सकिए किसानको आम्दानीमा वृद्धि गर्न सकिनेछ ।"

# उपाध्यक्ष पन्थद्वारा एक लाख सहयोग

**पोखरापत्र संवाददाता**
**दमौली, १४ साउन**

गैरआवासीय नेपाली सङ्घ अमेरिकाका वरिष्ठ उपाध्यक्ष कृष्णजीवी पन्थले बुवाको जन्मदिनमा टोल विकास संस्थालाई आर्थिक सहयोग गर्नुभएको छ । तनहुँको व्यास नगरपालिका-१२ स्थित कमलाबारी टोल विकास संस्थालाई पन्थले रु एक लाख पाँच सय आर्थिक सहयोग गर्नुभएको हो । आफ्ना बुवा चिरञ्जीवी पन्थको जन्मदिनका अवसरमा पन्थले आज उक्त रकम हस्तान्तरण गर्नुभएको हो ।

सामाजिक काममा सहयोग गर्न पाउँदा आफूलाई खुसी लागेको वरिष्ठ उपाध्यक्ष पन्थले बताउनुभयो । पन्थले पछिल्लो समय सामाजिक कामलाई तीव्रता दिँदै आउनुभएको छ । पन्थले यसअघि जिल्लामा बाढी, पहिराबाट पीडित भएकालाई पनि सहयोग गर्नुभएको थियो । भूकम्पको समयमा पन्थकै सक्रियतामा अमेरिकाबाट रु सात लाख सङ्कलन गरी हस्तान्तरण गरिएको थियो । पन्थले व्यास नगरपालिका-५ स्थित पराशर आश्रममा रु एक लाख ५० हजार सहयोग गर्नुभएको थियो । उहाँले व्यास नगरपालिका-१२ सिद्धेश्वरी माविलाई रु ८५ हजार, तनहुँ उद्योग वाणिज्य सङ्घ कोभिड कोषलाई रु ५० हजार सहयोग गरिसक्नुभएको छ ।

# सार्क पत्रकार मञ्चको नेपाल शाखा विस्तार

**रासस**
**काठमाडौं, १४ साउन**

दक्षिण एशियाली मुलुकका पत्रकारको संस्था सार्क पत्रकार मञ्च (एसजेएफ) को ३५ सदस्यीय नेपाल शाखा विस्तार भएको छ ।

मञ्चको केन्द्रीय कार्यकारिणी समितिका अध्यक्ष राजु लामा र महासचिव मोहम्मद अब्दुर रहमानले आज विज्ञप्ति गरी समितिमा रहने सदस्यहरूको सूची सार्वजनिक गर्नुभएको हो । राष्ट्रिय समाचार समिति (रासस) का प्रकाश सिलवालको संयोजकत्वमा गठित समितिमा अनन्त सुवेदी, विजय दिमदोङ, चिरञ्जीवी अधिकारी, दिपक श्रेष्ठ, दीपेन्द्र प्रजापति, गोपाल सङ्ग्रौला, हेमराज ढकाल, इफ्रान बाबु, जीवन पराजुली, करन ताम्राकार, कौशल घिमिरे, कमल राना, कविता थापा, लक्की चौधरी, लव प्याकुरेल र माधवप्रसाद तिवारी रहनुभएको छ । यस्तै नृपेन्द्रलाल श्रेष्ठ, पुष्पा अधिकारी, प्रकाश पण्डित, रुद्रश्रीस मगर, रञ्जित तामाङ, रवीन्द्र काफ्ले, रत्नकाजी महर्जन, सुरेन्द्रभक्त श्रेष्ठ, सुनील महर्जन, सुनील आचार्य, सामना वियोगी, टेकेन्द्रबहादुर महत, उद्धवकुमार कार्की, उत्तम श्रेष्ठ र यमन दनुवार सदस्य रहनुभएको छ । समितिका सदस्यको पहिलो बैठकले आफ्नो कार्ययोजना र पदाधिकारी तय गर्नेछ । सार्क क्षेत्रमा व्यावसायिक पत्रकारिता, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र पत्रकारको पेशागत हक, अधिकारका लागि सन् २०१९ मा भारतमा स्थापित सो मञ्चले अन्तर ष्ट्रियस्तरमा पत्रकारिताको गुणस्तर र पहुँचलाई सुदृढ पार्नु पनि उद्देश्य रहेको छ । सङ्गठनको हालसम्म दक्षिण एशियाका मुलुकका शाखा विस्तार भइसकेको छ भने हाल यसको मुख्यालय नेपालमा रहेको छ ।

दक्षिण एशियामा व्यावसायिक पत्रकारिताको विकास र प्रववर्द्धन गर्न, पत्रकारको जीवनस्तर उठाउन, सार्क राष्ट्रहरूका पत्रकारबीच आपसी विश्वास, एकार्काको समस्यालाई बुझ्न र मूल्याङ्कन गर्न मञ्चले भूमिका निर्वाह गर्नेछ । मञ्चलाई दक्षिण एशियाली सदस्य राष्ट्रको पत्रकारले क्षेत्रीय पत्रकार निकायका रूपमा मान्यता दिइएको छ । यस क्षेत्रमा पत्रकारिताको प्रवर्द्धन, विकास, विस्तार, नीतिगत सुधार र सार्क राष्ट्रमा पत्रकारिता क्षेत्रका साझा उद्देश्य हासिल गर्न मञ्चले काम गर्नेछ ।

# टान नेतृत्वका लागि चुनावी दौडधुप

**रासस**
**काठमाडौं, १४ साउन**

पर्वतीय पर्यटन व्यवसायीको छाता सङ्गठन ट्रेकिङ एजेन्सिज एसोसिएशन अफ नेपाल (टान) को अध्यक्ष पदका लागि चार व्यवसायीबीच चुनावी दौडधुप चलेको छ ।

यही साउन ३० गतेका लागि तय गरिएको टानको ४४औँ साधारणसभा एवं निर्वाचनमा अध्यक्षका प्रत्याशीले उम्मेदवारी घोषणा गरेर चुनावी प्रतिबद्धतापत्रसमेत सार्वजनिक गरिसकेका छन् । साथै उनीहरूले निर्वाचनको माहोल आफ्नो पक्षमा पार्न दौडधूप र छलफललाई तीव्रता दिएका छन् । टान अध्यक्षका लागि पर्यटन व्यवसायी नीलहरि बाँस्तोला, राजेन्द्रप्रसाद सापकोटा, बोधराज भण्डारी र कमल सापकोटा विभिन्न माध्यमबाट उम्मेदवारी घोषणा गर्दै प्रचारप्रसारमा जुटेका छन् ।

प्रत्यासीमध्ये बाँस्तोला टानका पूर्वउपाध्यक्ष हुन् भने भण्डारी र सापकोटाले टान कार्यसमितिमा रहेर काम गरिसकेका छन् । अध्यक्षका अर्का प्रत्यासी कमल सापकोटा पर्यटन क्षेत्रमा लामो समयदेखि सक्रिय हुनुहुन्छ । होटल तथा ट्रेकिङ व्यवसायमा चारैजना अब्बल गनिन्छन् । टान निर्वाचनका लागि मिति तय भएसँगै आकाङ्क्षी उम्मेदवारले आफ्ना प्रतिबद्धतासहित चुनावी प्रतिस्पर्धामा लागेको टानका अध्यक्ष खुम सुवेदीले बताउनुभयो । उहाँले टान नेतृत्व सकेसम्म सहमतिमा गर्ने प्रयास गरिए पनि व्यवसायीले प्यानलसहित उम्मेदवारी घोषणा गरिरहेकाले निर्वाचनबाटै नेतृत्व चयन हुने उल्लेख गर्नुभयो ।

अध्यक्ष सुवेदीले भन्नुभयो, "टानको वार्षिक साधारणसभा एवं निर्वाचन साउन ३० घोषणा गरिएको छ । सहमतिबाटै नेतृत्व चयनका लागि छलफल भइरहेको छ, सहमति भएन भने निर्वाचनबाटै नेतृत्व चयन हुन्छ । त्यसका लागि व्यावसायिक छलफल जारी छ ।" टानको अध्यक्ष, पदाधिकारी र सदस्यगरी कुल २५ सदस्यीय कार्यसमितिमध्ये १७ निर्वाचित र बाँकी सदस्य मनोनीत गरिनेछ । टानमा करिब एक हजार आठसय व्यवसायी आबद्ध छन् ।

# ऋण नपाउँदा पुष्प व्यवसाय गर्न कठिन

**रासस**
**काठमाडौं, १४ साउन**

बैंकबाट सहजरूपमा ऋण प्रवाह हुन नसक्दा पुष्प व्यवसाय विस्तार गर्न समस्या भएको छ । लामो समय कोरोना महामारीको सामना गरी विस्तारै लय लिन लागेको उक्त व्यवसाय विस्तारका लागि वातावरण नबन्दा व्यवसायी मारमा परेका छन् ।

लामो समयदेखि कलङ्कीमा नर्सरी सञ्चालन गर्दै आउनुभएका श्याम उप्रेतीले व्यवसाय जेनतेन धाने पनि आर्थिक समस्याका कारण विस्तार गर्न नसकेको बताउनुभयो । कोरोना महामारी अघि सहजरूपमा ऋण उपलब्ध हुने गरेको भए पनि अहिले विभिन्न बहानामा नपाउँदा लगानी बढाउन नसकेको उहाँले दुःखेसो पोख्नुभयो । सामान्यतया नर्सरी सञ्चालनका लागि रु ५० लाखदेखि रु एक करोडसम्म लगानी गर्नुपर्ने व्यवसायी बताउँछन् । लगानी बढाउन नपाएकै कारण पछिल्लो समय फूलको उत्पादनमा कमी आएको छ । कोरोना महामारीको पहिलो, दोस्रो र तेस्रो चरणसम्म आइपुग्दा पुष्प व्यवसायीले कठिन अवस्थाको सामना गर्नुपरेको थियो । खुसी र विभिन्न उत्सवमा बढी प्रयोग हुने फूल कोरोना महामारीका कारण त्यस्ता गतिविधि ठप्प भएपछि यसको कारोबार पनि नगण्य भएको थियो । पुष्प व्यवसायीका अनुसार फूलको व्यापार भने आशाअनुरुप हुन सकेको छैन । कोरोना महामारीको समयमा भन्दा अहिले केही गतिविधि बढे पनि विगतको झैँ लय लिन अझै नसकेको फ्लोरीकल्चर एशोसिएसनका अध्यक्ष मीनबहादुर तामाङले बताउनुभयो ।

व्यवसाय विस्तार गर्न नसक्दा कारोबार कम भएको छ । गत आर्थिक वर्षमा रु तीन अर्बको कारोबार गर्ने लक्ष्य लिएको यस व्यवसायमा रु दुई अर्ब बराबर मात्र कारोबार भएको अनुमान गरिएको छ । हाल खपत हुने फूलमध्ये ९१ प्रतिशत नेपालमै उत्पादन हुन्छन् भने अझै पनि नौ प्रतिशत फूल विदेशबाट आयात गर्नुपर्ने अवस्था रहेको अध्यक्ष तामाङले जानकारी दिनुभयो । पछिल्ला वर्षमा सयपत्री फूलमा पनि देश आत्मनिर्भर हुँदै गएको छ । मुख्यगरी तिहारमा प्रयोग हुने सयपत्री, मखमली र गोदावरीमध्ये केही सयपत्री फूलको मालामात्रै भारतबाट ल्याउने गरिएको छ । अन्य समयमा प्रयोग हुने फूलमा भने देश आत्मनिर्भर भइसकेको छ ।

कात्तिकदेखि फागुनसम्म विभिन्न चाडबाड र विवाहको समय भएकाले फूल बढी प्रयोग हुने गर्दछ । फूलको मागमा आएको वृद्धिसँगै विशेषगरी काठमाडौँ, ललितपुर, भक्तपुर, कास्की, चितवन, मकवानपुर, काभ्रेपलाञ्चोक, गुल्मी, पाल्पा, धादिङ, मोरङलगायत ४३ जिल्लामा पुष्पखेती विस्तार भइसकेको छ । नेपालमा हाल करिब पाँच सय प्रजातिको फूल रहेको भए पनि व्यावसायिकरूपमा चार सय ५० प्रजातिका फूलको मात्र उत्पादन र बिक्रीवितरण हुँदै आएको छ । नेपालमा झण्डै १५७ हेक्टरमा एक हजार व्यवसायीले यसको खेती गर्दै आएका छन् ।